## आ.व . २०७९/८० को सोह्रौं कार्यपालिका बैठक

आज मिति २०७९।१२।२२ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

अध्यक्ष श्री प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गेमे खड्का, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका ।
सदस्य श्री पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गिता चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्ती गाउँकार्यपालिका ।
सदस्य सचिव श्री नेब बहादुर वली , राप्ती गाउँपालिका ।

### आमन्त्रित

श्री जीवराज पौडेल, पशु विकास अधिकृत
श्री धन प्रसाद शर्मा, लेखा अधिकृत
श्री विश्वास विक,शाखा अधिकृत
श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )
श्री नारायण राउत स्वा.शा.प्र.
श्री अशोक बेल्वासे (इन्जिनियर)
श्री [illegible] शेर बहादुर थापा - प.रि.पा.
श्री सुवास भट्टराई - जे.ई.
श्री [illegible] - इ.ई.
श्री कविलाल सुवेदी - प्रा.स.
श्री तलबहादुर कुँवर मगर - सूचना [illegible]

हरि बहादुर (कार्की) - अप्टोम अधिकृत, तिलगंगा आँखा प्रतिष्ठान

नविन चन्द्र सिंह राजवंशी कार्यक्रम अधिकृत, "

किरण मैया थापा नेत्र अधिकृत तिलगंगा आँखा प्रतिष्ठान

अस्मिता कुमारी यादव अध्ययनरत विद्यार्थी ( " )

एलिना नापित, अध्ययनरत विद्यार्थी (तिलगंगा आँखा प्रतिष्ठान)

भुपेन्द्र तामाङ नेत्र सहायक तिलगंगा आँखा प्रतिष्ठान

श्रद्धा बर्धन नेत्र अधिकृत तिलगंगा आँखा प्रतिष्ठान

धर्मराज थापा नेत्र सहायक तिलगंगा आँखा प्रतिष्ठान

जीत बहादुर उपेटकुरी आँखा स्वास्थ्य कार्यकर्ता तिलगंगा आँखा प्र

बिमल बहादुर बि.सी. ~~बायोमेडिकल सहायक~~ तिलगंगा सर्जिकल आँखा के.

(सिनियर वर्क मेकानिक)

तिलगंगा आँखा प्रतिष्ठान

कमला साहु " "

राज कुमार ठकुर नेत्र सहायक

उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

निर्णय नं.१- राप्ती गाउँपालिका र तिलगंगा आखाँ अस्पतालको सहकार्यमा सञ्चालित शिविरमा सहभागी चिकित्सक सहित शिविरमा खटिने देहायको टोलीलाई सम्मान गरियो ।

- डा. होम ब गुरुङ – वरिष्ठ नेत्र रोग विशेषज्ञ एवं अकुलो प्लास्टिक सर्जन
- डा. कृपा जोशी - वरिष्ठ नेत्र रोग विशेषज्ञ एवं न्युरो अर्थोलोजिस्ट
- श्री हरी कार्की – वाह्य कार्यक्रम अधिकृत
- नविनचन्द्र सिं राजवंशी – परियोजना अधिकृत
- किरण मैया थापा –नेत्र अधिकृत
- विमल विसी - ईन्चार्ज तिलगंगा आखाँ केन्द्र राप्ती गाउँपालिका
- श्रद्धा महर्जन – नेत्र अधिकृत
- सुपेन्द्र ताम्राकार –नेत्र सहायक
- धर्म यादव–नेत्र सहायक
- राजकुमार दनुवार–नेत्र सहायक -
- कमला शाह –नेत्र सहायक
- जीत बहादुर उच्चै ठकुरी –नेत्र सहायक
- राजेन्द्र सिं धामी –नेत्र सहायक
- पिताम्बर बराल- मेन्टेनेन्स टेक्निसियन
- पदम श्रेष्ठ –आउटरिच असिस्टेन्ट
- काली बहादुर दहित – सवारी चालक
- एलिजा नापित –नेत्र सहायक विद्यार्थी
- अस्मिता यादव – नेत्र सहायक विद्यार्थी

निर्णय नं.२- वडा नं. ४ कार्यालयको निर्माणाधिन प्रशासनिक भवन ठेक्का नं. (RRM/NCB/BLDG/W/01/2078/79) निर्माण कार्यको निर्माण कार्य सम्पन्न हुने गरी २०८० बैशाख मसान्तसम्मका लागि म्याद थप गर्ने ।

**निर्णय नं.३** - राप्ती चक्रपथको बसन्तापुर- खुरुरिया खण्ड ठेक्का नं. (RRM/NCB/W/02/2079/80) १६०,५५,२१४।७६ मा ठेक्का सम्झौता भएकोमा भेरिएसन अर्डर पछि जम्मा कायम हुन आउने रकम रु १,९४,६४,६२३।२८ रहेकोले पेश हुन आएको २१.२४ प्रतिशतको भरिएसन अर्डर स्विकृत गर्ने ।

**निर्णय नं.५**- भूमी सेवा केन्द्रको कार्यलाई तिब्रता दिनका लागि राष्ट्रिय भुमी जिल्ला आयोग जिल्ला कार्यसमिति समक्ष १ जना सर्वेक्षक माग गर्ने साथै राप्ती गाउँकार्यपालिकाको कार्यालयद्धारा सञ्चालित परीक्षाद्धारा बैकल्पिक सूचीमा रहेका १ जना अमिनलाई योग्यताक्रमको प्राथमिकता बमोजिम सेवा करारमा लिने ।

**निर्णय नं.६**- राप्ती गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम मापदण्ड पुरा गरेका देहायका निर्माण सेवालाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने ।

क- ~~निर्माण सेवालाई~~ गरिरोश निर्माण सेवा, राप्ती गापा ४,दाङ

व्यवसाय सञ्चालक - गणेश बहादुर जि.सी.

ख- झिमरुक निर्माण सेवा, राप्ती गापा १, दाङ

व्यवसाय सञ्चालक – विष्णु प्रसाद पोख्रेल

**निर्णय नं.७**- शैक्षिक सत्र २०८० को विद्यार्थी अभियान २०८०।०१।०३ गते देखि राप्ती गाउँपालिका भित्रका सबै वडाहरुबाट टोल, टोलमा गई विद्यालयमा गई प्र.अ., शिक्षक, टोल विकास संस्थाका प्रमुख,स्थानीय बुद्धिजिवि लगायतका सरोकारवाला सबैको सहभागितामा विधार्थी अभियान सञ्चालन गर्ने । यस कार्यका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम प्रविधिमैत्री पुर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना बाट प्रत्येक वडालाई भर्ना अभियान सञ्चालन गर्नका लागि रकम रु १५०००/- र सामुदायिक विद्यालयलाई प्रति विद्यालय रकम रु ३०००/- उपलब्ध गराउने ।

**निर्णय नं.८** -सामुदायिक विद्यालयहरुका कक्षा ८ र १० मा फाल्गुण १३ देखि चैत्र १३ गतेसम्म अतिरिक्त कक्षा सञ्चालन गर्ने र अतिरिक्त कक्षा सञ्चालन वापत माध्यमिक तहको हकमा प्रति विषय प्रति विद्यार्थी रकम रु २४५ र आधारभूत तहको हकमा प्रति विषय प्रति विद्यार्थी रकम रु १९५ का दरले हुन आउने रकम विद्यालयहरुलाई उपलब्ध गराउने र प्रभावकारी रुपमा अतिरिक्त कक्षा नियमित अनुगमन गर्ने ।

**निर्णय नं. ९**- प्रविधिमैत्री पुर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना अन्तरगत खर्च शिर्षक नं. ३१११७१ मा रहेको नेपाल

सरकार विशेष पुजीँगत अनुदान मध्ये विनियोजन भएको रकम रु १ करोड मध्ये परिवर्तित विद्यालय तहको नयाँ पाठ्यक्रमको लागि नेपाली, अंग्रेजी, विज्ञान, गणित र सामाजिक विषयको क्षमता विकास र प्रविधिकरण कार्यक्रम संचालनका लागि रकम रु १०,००,०००/- विनियोजन गर्ने।

**निर्णय नं.१०-** प्रविधिमैत्री पुर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना अन्तरगत खर्च शिर्षक नं. ३११७१ मा रहेको नेपाल सरकार विशेष पुजीँगत अनुदान मध्ये सामुदायिक विद्यालय रआधारभुत विद्यालयका शिक्षकहरुका लागि प्रविधिमैत्री शिक्षाको व्यवस्थापनका लागि ल्यापटप तथा विद्यालयलाई प्रिन्टर उपलब्ध गराउने।

**निर्णय नं.११-** राप्ती गाउँपालिकाको दुव्र्यवहार तथा रोकथाम सम्बन्धी आचारसंहिता स्विकृत गर्ने।

**निर्णय नं.१२-** राप्ती गाउँपालिका वडा नं. ५ निवासी श्री मन्टु चौधरीको आर्थिक अवस्था दयनीय भएकोले नीजको उपचारका लागि विपन्न सहायता अन्तरगत रु २ लाख प्रदान गर्ने।

**निर्णय नं. १३** – गाउँपालिका क्षेत्रभित्र प्लास्टिक तथा प्लास्टिकजन्य पदार्थ जलाउन निषेध गर्ने। साथै प्लास्टिक तथा प्लास्टिक जन्य पदार्थ ( सुर्तिजन्य पदार्थको खोल, पानीको बोतल, चाउचाउ/ विस्कुटको खोल आदि ) जम्मा गरी वडा कार्यालयमा बुझाउनेलाई प्रति केजी रु ५ का दरले खरिद गर्ने।

**निर्णय नं.१४-** गाउँपालिका क्षेत्र भित्रका व्यवसाय प्रमाणपत्रमा उल्लेख नभएका व्यवसायीहरुले सुर्ति तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेको सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गरी कानुनी दायरामा ल्याउने।